# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७८ कार्तिक-पुस
## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण


**राष्ट्रिय सूचना आयोग**

काठमाडौं, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७८ कार्तिक-पुसको अवधिमा सम्पादित प्रमुख कार्यहरु अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौं ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरु उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरुलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा ३५३ वटा उजुरी, निवेदन तथा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ.ब. २०७८।७९ सालको कार्तिक, मंसिर र पुस महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आग्रह गरिन्छ ।

**राष्ट्रिय सूचना आयोग**

मिति : २०७८ माघ ७ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

१५. सार्वजनिक निकायको वेबसाइट

१६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौ, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

## २०७८ कार्तिक-पुसको विवरण

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर-१०, काठमाडौंमा रहेको छ ।

**क) आयोगको दुरदृष्टि**

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरुमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरुलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

**घ) रणनीतिक प्राथमिकताहरु**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरुको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये हाल ३५ जना कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २१ जना |
| ३.३ | करार सेवा कर्मचारी | १६ जना |

# राष्ट्रिय सूचना आयोगको संगठन संरचन



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरुको कार्यहरु देहाय अनुसार रहेको छ ।**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरुको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी ।

## ४. आयोगबाट प्रदान गरिने सेवा :

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.५. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.६ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

राष्ट्रिय सूचना आयोगको

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव श्री विश्वबन्धु पौडेल<br>– कानुन अधिकृत सन्जिप कुमार अधिकारी<br>– शाखा अधिकृत श्री मन्दिरा महर्जन<br>– नायव सुब्बा श्री विदुर आचार्य<br>– क.अ. श्री गौरव गुरुङ | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने। | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने। आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजूरी गर्न सकिने। | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | – उप सचिव श्री बाबुराम खनाल<br>– शाखा अधिकृत डिल्ली राम भट्ट | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने। | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव भागिरथ पाण्डेय | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | पहिलो तल्ला | – उप सचिव श्री कपिल प्रसाद उपाध्याय<br>– शाखा अधिकृत हरिहर कार्की<br>– नायव सुब्बा श्री देव बहादुर घिमिरे<br>– नायव सुब्बा श्री हेमन्त रिज्याल<br>– क.अ. श्री रविन गौतम | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने। | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव भागिरथ पाण्डेय | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | उप सचिव विश्वबन्धु पौडेल मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | **प्रशासन शाखा** | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव | |
| | | श्री हरिहर कार्की | शाखा अधिकृत | |
| | | श्री | शाखा अधिकृत | |
| | | श्री हेमन्त रिज्याल | नायव सुब्बा | |
| | | श्री देव बहादुर घिमिरे | नायव सुब्बा | |
| | | श्री रन्जना दाहाल | नायव सुव्वा | |
| | | श्री रबिन गौतम | कम्प्युटर अपरेटर | |
| २. | **योजना तथा प्रवर्द्धन शाखा** | श्री बाबुराम खनाल | उप सचिव | |
| | | श्री डिल्ली राम भट्ट | शाखा अधिकृत | |
| ३. | **पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा** | श्री विश्वबन्धु पौडेल | उप सचिव (कानून) | |
| | | श्री सन्जिप कुमार अधिकारी | कानून अधिकृत | |
| | | श्री विदुर आचार्य | नायव सुब्बा | |
| | | श्री शान्ता न्यौपाने | नायव सुव्वा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | **सचिवालय** | श्री श्री कृष्ण खत्री | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री प्रदिप कुमार दाहाल | शाखा अधिकृत | |
| ५. | **आर्थिक प्रशासन शाखा** | श्री यज्ञराज उप्रेती | लेखा अधिकृत | |
| | | श्री लक्ष्मण अर्याल | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

**निर्णय गर्ने अधिकारी**

सचिव भागिरथ पाण्डेय

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव भागिरथ पाण्डेय

## ९. सम्पादन गरेको कामको विवरण (२०७८ कार्तिक-पुस)

## १०. Facebook/Twitter : https://www.facebook.com/rtinepal,

**: https://twitter.com/suchanaayog आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने ।**

## ११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

१. कार्यालय प्रमुख  सचिव भागिरथ पाण्डेय

२. सूचना अधिकारी उपसचिव श्री विश्वबन्धु पौडेल

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरुको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरुको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

पुजिगततर्फ

| वजेट शीर्षक | बार्षिक बजेट | पुस महिनासम्मको खर्च | बाकी |
|---|---|---|---|
| मेशिनरी औजार | ४००००० | ३९८९१३ | १०८७ |
| फर्निचर तथा फिक्चर्स | ४००००० | ६५७६७२ | ४२३२८ |
| जम्मा | ८००००० | ७५६५८५ | ४३४१५ |

चालुतर्फ

| वजेट शीर्षक | बार्षिक बजेट | पुस महिनासम्मको खर्च | बाकी |
|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | ११५००००० | ५६४८१६ | ५८५१८३२ |
| पारिश्रमिक पदाधिकारी | २८००००० | १५४२९५२ | १२५७०४८ |
| पोशाक | २००००० | ० | २००००० |
| औषधी उपचार खर्च | २००००० | ० | २००००० |
| महंगी भत्ता | ५००००० | २१०००० | २९०००० |
| कर्मचारीको बैक भत्ता | २००००० | ० | २००००० |
| अन्य भत्ता | २००००० | १८०० | १९८२०० |
| पदाधिकारी बैठक भत्ता | २००००० | ४४००० | १५६००० |
| योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | १००००० | ० | १००००० |
| योगदानमा आधारित विमाकोष खर्च | १००००० | ४२००० | ५८००० |
| पानी तथा विजूली | ६००००० | २८३०० | ५७१७०० |
| सञ्चार महसूल | ८००००० | २१५२१० | ५८४७९० |
| इन्धन (पदाधिकारी) | ५००००० | २३३६५२ | २६६३४८ |
| इन्धन (कार्यालय प्रयोजन) | ६००००० | २३२६३६।९९ | ३६७३६३।०१ |
| सवारी साधन मर्मत खर्च | १४००००० | ८६०२२६ | ५३९७७४ |
| विमा तथा नविकरण खर्च | ५००००० | ० | ५००००० |
| मसलन्द तथा कार्यालय सामाग्री | १२००००० | ६७९७६३ | ५२०२३७ |
| पूस्तक तथा सामाग्री खर्च | १००००० | ० | १००००० |
| इन्धन अन्य प्रयोजन | २००००० | २४९२६ | १७५०७४ |
| पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन | ३००००० | १७०८० | २८२९२० |
| सेवा र परामर्श खर्च | ६००००० | ५८७६० | ५४१२४० |
| करार सेवा शूल्क | ५२००००० | २८८६८०० | २३१३२०० |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च | २४००००० | १३५७५५० | १०४२४५० |
| कार्यक्रम खर्च | ४१००००० | १०४७९२ | ३९९५२०८ |
| विविध कार्यक्रम खर्च | ५८००००० | ३८१५२८० | १९८४७२० |
| अनूगमन | ७००००० | १९८०५० | ५०१९५० |
| विविध खर्च | ५००००० | १२०४०० | ३७९६०० |
| घरभाडा | ४७००००० | १८६६४४० | २८३३५६० |
| कुल जम्मा | ४६२००००० | २०१८८७८५।९९ | २६०११२१४।१ |

## १४. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०७८/७९ (कार्तिक-पुस) मा उजुरी,निवेदन र पुनरावेदनको विवरण ३५३ वटा

राष्ट्रिय सूचना आयोग
देवीनगर काठमाण्डौं
पुनरावेदन तथा उजुरी सम्बन्धी मासिक विवरण
२०७८/७९ को कार्तिक, मंसिर र पुस महिनासम्म

| क. सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग ( दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश ( दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर ( दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ (दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन ( दफा १०) | - | ३५५ | - | ६५९ | १६३ | ३५३ | १२९ | २८० | ६ | ५६ | - | १ | - | १ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित ( दफा ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग (दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | गरेको | - | - | - | - | - | - | - | - | - | - | - | - | श्री उच्च अदालत, पाटन |
| ८ | अन्य उजुरी | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | - | ३५५ | - | ६५९ | १६३ | ३५३ | १२९ | २८० | ६ | ५६ | - | १ | - | १ | - |

## १५.	आ.व. ०७७/७८ (कार्तिक-पुस) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरुको विवरण

### १५.१	प्युठान जिल्लामा सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यकम

राष्ट्रिय सूचना आयोगले प्युठान जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, आमसञ्चारकर्मी, कर्मचारीहरुसँग मिति २०७८ साल मंसिर २ गते सूचनाको हक सम्वन्धी अन्तरकृया कार्यकम सम्पन्न गरेको थियो ।

कार्यक्रममा आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरुङ्गले सूचनाको हक लोकतान्त्रिक पद्धतिको महत्वपुर्ण उपलव्धि भएको र सूचना जुनसुकै विषयमा माग्न पाइने हुंदा सूचना उपलव्ध गराएर सर्वसाधारण नागरिकलाई कानूनी राज्यको अनुभुति दिन आग्रह गर्नु भयो । सूचना उपलव्ध गराउने मूल दायित्व कार्यालय प्रमुखको रहेको हुंदा कार्यालय प्रमुख नै जिम्मेवार हुने विचार व्यक्त गर्दै जनप्रतिनिधिले सूचना नदिन आदेश गरेको अवस्थामा जनप्रतिनिधि पनि स्वाभाविक रुपमा सूचनाको हक सम्वन्धी कानूनको दायरामा आउने भन्दै सूचना दिने वातावरण बनाउन अनुरोध गर्नुभयो । साथै सूचनाको हकका लागि सवै स्थानिय तहले वजेट तथा कार्यकम समावेश गर्न निर्देशन दिनु भयो । कार्यकमको प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख




श्री केशवराज आचार्यले गर्नुभएको थियो । वहाँले सूचनाको हक नागरिकको मौलिक हक रहेको हुंदा यसको पालना गर्न गराउन सवै लाग्नु पर्ने विचार व्यक्त गर्नुका साथै सूचना अधिकारीले सूचना नदिए कार्यालय प्रमुखसंग सम्पर्क राख्न अनुरोध गर्नु भएको थियो । कार्यपत्र प्रस्तुत गर्दै आयोगका सचिव श्री भागीरथ पाण्डेले सूचनाको हकको संवैधानिक तथा कानूनी व्यवस्था, आयोगको भुमिका, सूचना अधिकारीको काम कर्तव्य अधिकार, जरिवाना र क्षतिपुर्तिको व्यवस्था तथा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी र कार्यकमबाट आयोगले राखेको अपेक्षाका सम्वन्धमा विस्तृत रुपमा व्याख्या गर्नु भयो । प्युठानका प्रमुख जिल्ला अधिकारी श्री खिमलाल भुसालले प्युठान जिल्लामा सूचनाको हकको कार्यन्वयनको अवस्था राम्रो रहेको भन्दै सूचना दिन सवै सार्वजनिक निकायका प्रमुखहरुलाई निर्देशन दिनु भयो । कार्यकममा सहभागीहरुलाई स्वागत गर्दै आयोगका उपसचिव श्री बाबुराम खनालले सकृय

सहभागिताका लागि अनुरोध गर्नुभयो । कार्यक्रममा अतिथिका रुपमा प्युठान जिल्ला समन्वय समितिका उप प्रमुखको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागिता जनाउँदै श्री कमल प्रसाद धिताल, नेपाल पत्रकार महासंघ, प्युठानका अध्यक्ष श्री संजय रिजाल र पूर्व अध्यक्ष श्री भण्डारी, सूचना अधिकारी श्री आशिष पोखरेल र राधा श्रेष्ठले आफ्ना जिज्ञाशा तथा महत्वपुर्ण सुझावहरु राख्नु भएको थियो । कतिपय सार्वजनिक निकायले स्वत प्रकाशन नगर्ने गरेको, सूचना अधिकारीलाई सूचना नै उपलब्ध नहुने अवस्था रहेको, आम नागरिकसम्म सूचनाको हक पुग्न नसकेको, सूचना अधिकारीको दरवन्दी नै सृजना गर्न आवश्यक भएको, भएभरको सूचना माग्दा मुश्किल हुने गरेको जस्ता जिज्ञाशाहरु व्यक्त भएका थिए । आयोगका शाखा अधिकृत श्री डिल्लीराज भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## १५.२ सुदूरपश्चिम प्रदेश प्रमुखसंग भेट

२०७८ मंसिर ५ गते

सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय देवराज जोशीसंग राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरुङ्गले प्रदेश प्रमुखको निवासमा आज विहान भेट गर्नु भएको थियो । प्रदेश प्रमुख माननीय



देवराज जोशीले नागरिकलाई बलियो एवं समृद्ध बनाउने संवैधानिक तथा कानूनी व्यवस्था प्रति आफ्नो प्रतिवद्धता रहेको र कार्यान्वयनका लागि आवश्यक सहयोग रहने विश्वास दिलाउनु भयो । उक्त अवसरमा प्रमुख आयुक्त गुरुङ्गले सूचनाको हकको संवैधानिक तथा कानून व्यवस्था, यसको आवश्यकता, कार्यान्वयनको अवस्था र अपेक्षाका वारेमा जानकारी गराउनु भयो । साथै प्रमुख आयुक्त गुरुङ्गले आयोगले सम्पादन गरिरहेको कार्य र प्रदेश नेतृत्वबाट अपेक्षित सहयोग र प्रतिवद्धताका वारेमा अवगत गराउनु भएको थियो ।

## ५.३ सुदूरपश्चिम प्रदेशका मूख्यमन्त्री संग भेट

२०७८ मंसिर ५ गते

सुदूरपश्चिम प्रदेशका माननीय मूख्यमन्त्री श्री त्रिलोचन भट्टसंग राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले आज मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा भेट गर्नु भयो । उक्त भेटका अवसरमा मूख्यमन्त्री श्री भट्टले सूचनाको हकका वारेमा बोल्दै स्वाभाविक रुपमा सूचना दिने वातावरण बनाउन लागि परेको बताउनुभयो साथै सूचना



मागकर्तालाई बिना झन्झट सूचना उपलब्ध गराई दिने तथा सम्पूर्ण सार्वजनिक निकायहरुलाई स्वत प्रकाशन गर्न लगाउने प्रतिवद्धता व्यक्त गर्दै नागरिक बलियो बनाउने विषयमा प्रदेश सरकार सदै लागि रहने विचार व्यक्त गर्नु भयो । उक्त अवसरमा वहाँले सूचनाको उपयोग गर्ने गराउने तर्फ र सूचनाको हक सम्बँधी कानून समयानुकूल बनाउन पर्ने सुझाव पनि दिनुभयो । साथै सूचनाको हकलाई प्रयोगमा ल्याउनका लागि वजेट व्यवस्था गर्न प्रदेश सरकार तयार रहेको पनि बताउनुभयो । उक्त अवसरमा प्रमुख आयुक्त गुरुङ्गले सूचनाको हक कार्यान्वयनका लागि प्रदेश सरकारको प्रतिवद्धता आवश्यक रहेको तथा सहयोग र समन्वयका लागि अनुरोध गर्नुका साथै प्रदेश मन्त्रालयहरुको वेवसाइट अपडेट गर्न तथा स्वत प्रकाशन नियमित रुपमा गराउन अनुरोध गर्नु भएको थियो ।

## १५.४ सुदूरपश्चिम प्रदेश मन्त्रालयहरुका सचिवहरुसंगको अन्तरकृया कार्यक्रम

२०७८ मंसिर ५ गते

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरुङ्ग आज सुदुरपश्चिम प्रदेश मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा आयोजित प्रदेश सरकारका मन्त्रालयका सचिवहरुसंगको अन्तरकृयामा सहभागि हुनुभयो । उक्त कार्यकमलाई सम्वोधन गर्दै प्रमुख आयुक्त गुरुङ्गले सूचना अधिकारी तोक्ने तथा स्वत प्रकाशन गर्ने विषयमा मन्त्रालयका वेवसाइट अपडेट नभएको हुंदा अपडेट गर्ने, स्वत प्रकाशन नियमित रुपमा गर्ने, सूचना माग भएको, उपलव्ध गराएको विवरण राख्न, सूचना दिने वातावरण बनाउन निर्देशन दिनु भयो

। सूचना जुनसुकै विषयमा माग्न पाईने नागरिकको मौलिक हकमा शंका वा अवरोध नगर्न र सूचना अधिकारीलाई सक्षम बनाउन छुट्टै वजेट व्यवस्था गर्ने गराउन पनि अनुरोध गर्नु भयो । उक्त अवसरमा प्रमुख सचिव श्री मधुसुदन बुर्लाकोटीले वेवसाइट अपडेट गरी जानकारी दिन सूचना उपलब्ध



गराउन सवै सचिवहरुलाई निर्देशन दिनु भयो । छलफलको क्रममा सवै मन्तालयका सविचहरुको उपस्थिति रहेको थियो सबैले आआफ्नो मन्त्रालयको अवस्थाका वारेमा जानकारी गराउनु भएको थियो ।

### ५.५ महोत्तरी जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरकिया कार्यकम

राष्ट्रिय सूचना आयोगले महोत्तरी जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, आमसञ्चारकर्मी, कर्मचारीहरुसँग मिति २०७८ साल मंसिर १३ गते सूचनाको हक सम्वन्धी अन्तरकृया कार्यकम सम्पन्न गरेको थियो । उक्त कार्यकममा आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले जिल्लास्थित कार्यालय प्रमुख र




सूचना अधिकारीको आधारभूत दायित्व विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक संवैधानिक र कानूनी रुपमा व्यवस्था भएको नागरिक अधिकार, सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलाग्ने, निवेदनमा तोक लगाउने व्यवस्था नगर्ने हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन लिने अनिवार्य रुपमा इमेल चेक गर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, सूचना माग गरेको इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरु समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्ने । यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउने, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्ने र सहजीकरण गर्ने, जिल्ला जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरुबाट सम्पादन हुने तथा भएका सूचनाको हकका सम्बन्धका क्रियाकलापबारेको सूचना र

जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउने जस्ता विविध विषयहरुमा चर्चा गर्दै सहभागीहरुले उठाएका जिज्ञासाहरुको समाधान सहित मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि समन्वय समितिका अध्यक्षले सूचनाको हक लोकतन्त्रको गहना हो। कुशासन र भ्रष्ट्राचारको दुष्चक्रबाट मुक्त हुन यो हक महत्वपूर्ण रहेको बताउनुभयो। सूचनाको हकबाटै सरोकारवाला निकायले के गर्दै छन् भन्ने जानकारी नागरिकले पाउनेहुँदा यसलाई बलियो रुपमा कार्यान्वयन गर्दै लैजाउनुपर्ने, अझ स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी समुदाय र समुहहरुसँग अन्तरक्रिया गर्ने पाएको भए स्थानीय तहका गुनासाहरु कम हुने थिए कि भन्ने बिचार व्यक्त गर्नुभयो। त्यसैगरी कार्यकममा मन्तव्य सप्तरीका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव दाहालले सूचना माग गर्ने नागरिकलाई प्रत्यायोजित अधिकारलाई संविधान तथा कानूनले प्रत्याभूत गरेको र यसको कार्यान्वयनको लागि प्रत्येक कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको अनिवार्य दायित्व रहेको, महोत्तरी जिल्लामा सूचना अधिकारी तोक्न सबै कार्यालय प्रमुखलाई निर्देशन दिदै सूचना मागकर्ताहरुलाई बिना झन्झटपूर्ण तवरले सूचना उपलब्ध गराउने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। उक्त कार्यकममा आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र प्रस्तुती गर्नु भएको थियो। कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३० वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने। अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने। आर्थिक , व्यापारिक तथा मौद्रिक हित वा वौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने । विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने । व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ , ज्यान, सम्पति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६० वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सुचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्ने। आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने। सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने।तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलव्ध गराउनु पर्ने। संभव भए सम्म मागेको स्वरुपमा उपलव्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा उजुरी दिन सकिने दफा ९० वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने। प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १०० वमोजिम सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने। आयोगले जाँचवुझ गर्दा ठीक ठहर्याएमा समयावधि तोकी सूचना उपलव्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने। पुनरावेदन निरर्थक

देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी , निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले ,कार्यालय प्रमुख, सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरुको जिज्ञासामा सप्तरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीले  स्थानीय तहका सूचनाहरु उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयमा निवेदन दिने गरेकोले स्थानीय तहहरुसम्म सूचनाको हकसम्बन्धी कार्यक्रम सञ्चालन गरेको खण्डमा सूचना प्राप्तिमा सहजता आउने कुरामा राष्ट्रिय सूचना आयोगको ध्यान आकर्षण गराउनुभयो ।

राकेश चौधरी सूचना सञ्जालले स्थानीय तहमा सूचना माग्दा सूचना नमाग्नुस हामी काम दिन्छौ भनेर प्रलोभनमा पार्ने गरेको र प्रलोभनमा नपरेमा धाक धम्की दिनेसम्मका कार्यहरु गर्नसम्म पछि नपर्ने बताउनुभयो,

गणेश मिश्रले राजनीतिक दलहरुले सूचना प्रवाह गर्नुपर्ने कि नपर्ने ? स्थानीय तहका जनप्रतिनिधीले तोक नलागेसम्म सूचना मागको निवेदनको दर्ता नहुने गरेको बताउनुभयो ?

## १५.५ सप्तरी जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरकिया कार्यकम



राष्ट्रिय सूचना आयोगले सप्तरी जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, आमसञ्चारकर्मी, कर्मचारीहरुसँग मिति २०७८ साल मंसिर १५ गते सूचनाको हक सम्वन्धी अन्तरकृया कार्यकम सम्पन्न गरेको थियो । उक्त कार्यकममा आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले जिल्लास्थित कार्यालय प्रमुख र सूचना अधिकारीको आधारभूत दायित्व विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक संवैधानिक र कानूनी रुपमा व्यवस्था भएको नागरिक अधिकार, सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलाग्ने, निवेदनमा तोक लगाउने व्यवस्था नगर्ने हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन लिने अनिवार्य रुपमा इमेल चेक गर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, सूचना माग गरेको इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरु समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्ने । यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउने, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्ने र सहजीकरण गर्ने , जिल्ला जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरुबाट सम्पादन हुने तथा भएका सूचनाको हकका सम्बन्धका क्रियाकलापबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउने जस्ता विविध विषयहरुमा चर्चा गर्दै सहभागीहरुले उठाएका जिज्ञासाहरुको समाधान सहित मन्तव्य राख्नुभएको थियो । त्यसैगरी प्रमुख अतिथि जिल्ला समन्वय समितिका अध्यक्ष श्री प्रभावकर यादवले सूचनाको हक कार्यान्वयनको लागि विद्यमान ऐनमा भएको व्यवस्थाबाटै सूचना उपलब्ध गराएमा पारदर्शीता कायम हुदै सुशासन कायम गराउन मद्दत पुग्ने, सबै सूचनाहरु छिटो छरिता र भरपर्दो तरिकाले उपलब्ध गराउनुपर्ने, सुखी नेपाल समृद्ध नेपाल निर्माण गर्नको लागि भएपनि सबै सूचनाहरु सार्वजनि गर्नुपर्ने, सप्तरी जिल्लामा कार्यक्रम आयोजना गरी सूचना मागकर्ता र आपूर्तिकर्ताबिचलाई एकैठाउँमा भेला गराई अन्तरक्रियात्मक कार्यक्रम गरेकोमा आयोगलाई धन्यवाद दिनुभयो । उक्त कार्यकममा मन्तव्य सप्तरीका प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतले सूचना माग गर्ने नागरिकलाई प्रत्यायोजित अधिकारलाई संविधान तथा कानूनले प्रत्याभूत गरेको र यसको कार्यान्वयनको लागि प्रत्येक कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको अनिवार्य दायित्व रहेको, महोत्तरी जिल्लामा सूचना

अधिकारी तोक्न सबै कार्यालय प्रमुखलाई निर्देशन दिदै सूचना मागकर्ताहरुलाई बिना झन्झटपूर्ण तवरले सूचना उपलब्ध गराउने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र प्रस्तुती गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३० वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने ।अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने । आर्थिक , व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने ।विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने ।व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ , ज्यान , सम्पति , स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६० वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सुचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्ने । आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने। सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने।तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलव्ध गराउनु पर्ने । संभव भए सम्म मागेको स्वरुपमा उपलव्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा उजुरी दिन सकिने दफा ९० वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने । प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १०० वमोजिम सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने । आयोगले जाँचवुझ गर्दा ठीक ठहर्याएमा समयावधि तोकी सूचना उपलव्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने । पुनरावेदन निरर्थक देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी , निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले ,कार्यालय प्रमुख, सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक

सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो । त्यसैगरी मन्तव्यकै क्रममा पत्रकार महासंघका अध्यक्ष श्रवणदेव मिश्रले महोत्तरी जिल्लामा सूचना उपलब्ध नगराउने, बाढीको क्षतिको विवरणबारे ३/३ महिनामा सूचना सार्वजनिक गर्ने नगरिएको यस्ता विषयहरुको सम्बोधन गरी आगामी दिनमा सूचनाको हकको कार्यान्वयनको लागि सूचना उपलब्ध गराउनुपर्ने, जिल्लास्थित सबै स्थानीय तहले आफ्नो वेवसाईट अपडेट गर्नुपर्ने, स्वतः प्रकाशन अनिवार्य गराउनुपर्ने जस्ता विषयहरु राख्नुभएको थियो । सहभागीहरुको जिज्ञासा राख्ने क्रममा कुमार मास्के रजिष्ट्रार/स्रेस्तेदार जिल्ला अदालत सप्तरी कार्यक्रम आयोजना गरेकोमा सूचना आयोगलाई धन्यवाद दिनुभयो । आफ्नो कार्यालयले टोल फ्रि नम्बरबाट सूचना उपलब्ध गराउने, विभिन्न सञ्चारमाध्यमबाट सूचनाको हकसम्बन्धी जानकारीहरु प्रसारण गर्ने गरेको बताउनुभयो ।

शरदराज भट्टराई  खाडो व्यवस्थापन आयोजना विदशीलाई दुइपक्षिय सन्धी सम्झौता कुन कुन प्रकृतिको दिन नदिने सूचना वर्गीकरण गरेको खण्डमा सूचना उपलब्ध गराउन सहजता हुने बताउनुभयो ।

सूचनाको हकका अभियन्ता चन्दन यादव, कैलाश माझीहरुले सप्तरी जिल्लामा सूचना माग गर्दा सहजतापूर्वक उपलब्ध गराउने वातावरण राष्ट्रिय सूचना आयोगले मिलाउनुपर्ने जस्ता विचारहरु राख्नुभयो ।

## १५.६ धनगढीमाई नगरपालिका सिरहामा सूचनाको हकसम्बन्धी अन्तरकिया कार्यकम

राष्ट्रिय सूचना आयोगले धनगढीमाई नगरपालिका सिरहाका स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी समूदाय र सहूका लागि मिति २०७८ साल मंसिर १६ गते सूचनाको हक सम्वन्धी अन्तरकृया कार्यकम सम्पन्न गरेको




थियो । उक्त कार्यकममा आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले जिल्लास्थित कार्यालय प्रमुख र सूचना अधिकारीको आधारभूत दायित्व विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक संवैधानिक र कानूनी रुपमा व्यवस्था भएको नागरिक अधिकार, सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलाग्ने,

निवेदनमा तोक लगाउने व्यवस्था नगर्ने हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन लिने अनिवार्य रुपमा इमेल चेक गर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, सूचना माग गरेको इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरु समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्ने । यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउने, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्ने र सहजीकरण गर्ने , जिल्ला जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरुबाट सम्पादन हुने तथा भएका सूचनाको हकका सम्बन्धका क्रियाकलापबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउने जस्ता विविध विषयहरुमा चर्चा गर्दै सहभागीहरुले उठाएका जिज्ञासाहरुको समाधान सहित मन्तव्य राख्नुभएको थियो । त्यसैगरी प्रमुख अतिथि धनगढीमाई नगरपालिकाका प्रमुख श्री हरिनारायण चौधरीले सूचनाको हकको कार्यान्वयनका लागि हाम्रो नगरपालिकाले गर्ने सम्पूर्ण गतिविधिशहरु सार्वजनि गर्ने गरेको, सबै सूचनाहरु छिटो छरिता र भरपर्दो तरिकाले उपलब्ध गराउनको लागि प्रविधिमैत्री तवरले वेवसाईट फेसबुक पेज जस्ता सामाजिक सञ्जालहरुबाट सूचना सार्वजनिक गर्ने गरेको, धनगढीमाई नगरपालिकामा सूचना आयोगले कार्यक्रम आयोजना गरी सूचना मागकर्ता र आपूर्तिकर्ताबिचलाई एकैठाउँमा भेला गराई अन्तरक्रियात्मक कार्यक्रम गरेकोमा आयोगलाई धन्यवाद दिनुभयो । उक्त कार्यकममा मन्तव्य धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल बगालेबाट सूचना मागकर्ताहरुले इमेलबाट सूचना माग्ने गरेको, सूचना उपलब्ध गराउनको लागि छुट्टै सूचना अधिकारीको दरवन्दी सिर्जना गरेकाे खण्डमा कार्यालयको काममा बाधा नपर्ने, सूचनाको हकसम्बन्धी ऐन, नियम समय सापेक्ष रुपमा परिमार्जन हुनुपर्ने, सम्बन्धित सरोकारावाला भन्दा बाहिरका मानिसहरुले सूचना माग गर्ने गरेको कस्तो सूचना उपलब्ध गराउन मिल्ने नमिल्ने जस्ता विषयमा आयोगबाट छिट्टै सूचनाको वर्गीकरण गराएको खण्डमा सूचना उपलब्ध गराउन सहजता हुने कुरा बताउनुभयो । उक्त कार्यकममा सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र प्रस्तुती आयोगका सचिव श्री भागिरथ पाण्डेले गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३० वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने ।अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने । आर्थिक , व्यापारिक तथा मौद्रिक हित वा वौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने ।विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने ।व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६० वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सुचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्ने । आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने। सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने।तर जीउ ज्यानको सुरक्षासँग

सम्बन्धित सूचना २४ घण्टा भित्र उपलव्ध गराउनु पर्ने । संभव भए सम्म मागेको स्वरुपमा उपलव्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा उजुरी दिन सकिने दफा ९० वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने । प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १०० वमोजिम सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने । आयोगले जाँचवुझ गर्दा ठीक ठहर्याएमा समयावधि तोकी सूचना उपलव्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने । पुनरावेदन निरर्थक देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी , निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले ,कार्यालय प्रमुख, सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो । त्यसैगरी कार्यक्रमा सहभागीहरुले जिज्ञासा राख्ने क्रममा सावित्री शाहा सूचना अधिकारीले इमेलबाट सूचना माग गर्ने गरेको, सरोकारवाला भन्दा बहिरको मानिसले सूचना माग गर्ने गरेको,

आषिश विश्वकर्मा सञ्चारकर्मीले सूचना उपलब्ध गराउने म्याद १५ दिनबाट छोट्याउनेकी ? ड्रइङ डिजाइन बिना टेन्डर आह्वान गर्ने र काम सम्पन्न भएपश्चात तयार भएको संरचना अनुरुप ड्रइङ डिजाइन गर्ने परिपाटी रहेको,

नीतु सिंहले आर्थिक बर्षको अन्तमा एन.जि.ओ बाट डाटा माग्न आउने संस्थालाई सूचना उपलब्ध गराउने कि व्यक्तिलाई पनि दिने जस्ता जिज्ञासाहरु राख्नुभएको थियो ।

### १५.७ कैलाली जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले कैलाली जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, आमसञ्चारकर्मी, कर्मचारीहरुसँग मिति २०७८ साल मंसिर २७ गते सूचनाको हक सम्वन्धी अन्तरकृया कार्यक्रम सम्पन्न गरेको

थियो । उक्त कार्यकममा आयोगका सूचना आयुक्त श्री कमला ओली थापाले सहि सत्य तथ्य सूचना प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक निकायले कन्जुस्याँई नगर्न आग्रह गर्दै सूचना मागकर्ता र सूचना दाता बीचको सम्बन्ध सुदृढ रहनुपर्ने कुरामा जोड दिनुभयो । सूचनाको हक संवैधानिक र कानूनी रुपमा व्यवस्था भएको नागरिक अधिकार, सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलाग्ने, निवेदनमा तोक लगाउने व्यवस्था नगर्ने हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन लिने अनिवार्य रुपमा इमेल चेक गर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, सूचना माग गरेको इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरु समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्ने । यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउने, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्ने र सहजीकरण गर्ने, उक्त कार्यकममा सहभागीका तर्फबाट उठाइएका प्रश्नको जवाफ दिदै मन्तव्य राख्नुभएको थियो । प्रमुख अतिथि धनगढी नगरपालिकाका कार्यवहाक प्रमुख माधव रानाज्यू सूचनाको हकसम्बन्धी कानून १३१ भन्दा बढी देशमा लागु भएको २०६४ सालमा ऐन र २०६५ सालमा नियमावली बनेपश्चात सूचनाको हक कार्यान्वयनको लागि विद्यमान ऐनमा भएको व्यवस्थाबाटै सूचना उपलब्ध गराएमा पारदर्शीता कायम हुदै सुशासन कायम गराउन मद्दत पुग्ने, सबै सूचनाहरु छिटो छरिता र भरपर्दो तरिकाले उपलब्ध गराउनुपर्ने, स्थानीय तहहरुमा सूचना अधिकारी तोकिएको सूचना नपाएको खण्डमा सूचना उपलब्ध गराउन नगर प्रमुखलाई आग्रह गर्ने भन्दै अन्तरक्रियात्मक कार्यक्रम गरेकोमा आयोगलाई धन्यवाद दिनुभयो । उक्त कार्यकममा मन्तव्य धनगढीका निमित्त प्रमुख जिल्ला अधिकारी श्री हिरालाल चौधरीले सूचना आयोगले धनगढी जिल्लामा कार्यक्रम आयोजना गर्न छनौट गरेकोमा धन्यवाद दिनुभयो । यस कार्यक्रम पश्चात यहाँ उपस्थित कार्यालय प्रमुख र सूचना अधिकारीहरुलाई सूचना दिन प्रेरणा मिलोस भन्नुभयो । सूचना भनेको मानव जीवनको परिपुरक जस्तो लाग्छ टेलिभिजन, रेडियो सुन्न नपाउँदा जसरी छटपटी हुन्छ त्यसैको अनुभव सूचनाको अभाव हुँदा मानव जीवन अन्धकार हुने बताउनुभयो । सूचना माग्ने काम सञ्चारकर्मी साथीहरुले मात्र गर्ने गरेको देखिन्छ तर त्यस्तो होइन हामी सबैले माग्ने सूचना कानूनले सुविधा प्रदान गरेको बताउनुभयो । सूचनाको हकलाई कार्यान्वयन गर्न कसैले कन्जुस्याई गर्नुहुने छैन भन्दे कार्यक्रमको सफलताको शुभकामना दिनुभयो । उक्त कार्यकममा सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र आयोगका सचिव श्री भागिरथ पाण्डेले प्रस्तुती गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३० वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने ।अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने । आर्थिक , व्यापारिक तथा मौद्रिक हित वा वौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने ।विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने । व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ , ज्यान , सम्पति , स्वास्थ्य

वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६० वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सुचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलब्ध गराउनु पर्ने । आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने। सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने।तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलब्ध गराउनु पर्ने । संभव भए सम्म मागेको स्वरुपमा उपलब्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा उजुरी दिन सकिने दफा ९० वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने । प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १०० वमोजिम सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने । आयोगले जाँचवुझ गर्दा ठीक ठहर्याएमा समयावधि तोकी सूचना उपलब्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने । पुनरावेदन निरर्थक देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो  उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव विश्वबन्धु पौडेलले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले ,कार्यालय प्रमुख, सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, आयोगले गरेका महत्वपूर्ण सफलताका कथाहरुबाट आम नागरिकलाई सूचना माग्ने वातावरण सिर्जना गर्नु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो । सहभागीहरुले जिज्ञासा राख्ने क्रममा  विरेन्द्र भट्ट सूचना माग्दा झर्किने, सूचना दिन नचाहने त्यसको लागि खासगरी धनगढी उपमहानगरपालिका कै कुरा गरौ सूचनाको निवेदन नै फिर्ता गरेको, सि.डी पेन ड्राइभबाट सूचना लिने दिने केही व्यवस्था छ कि ? पार्वती निर्माण व्यवसायीले मापदण्ड बनाइरहेको अवस्थामा सूचना माग्न जादा कसरी प्रवाह हुन्छ ? प्रेम ढुङ्गाना सु.प सञ्जाल : कानूनले सूचना दिनुपर्छ भन्छ, तर सरकारी निकायका प्रमुखले सूचना दिन इन्कार गर्नुहुन्छ नागरिकल कर तिरेको हुन्छ त्यही पैसा विकासको काम हुन्छ तर सूचना दिन इन्कार गर्नुहुन्छ । त्यसको निकास के हो ? आज यस मन्चबाट बाचा गर्नुहोस सुशासन, पारदर्शी, कसरी केहिले देखि हुन्छ ।

## १५.८ भीमदत्त नगरपालिका सिरहामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले भीमदत्त नगरपालिका कञ्चनपुरका स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी समूदाय र सहूका लागि मिति २०७८ साल मंसिर २८ गते सूचनाको हक सम्वन्धी अन्तरकृया कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा आयोगका सूचना आयुक्त श्री कमला ओली थापाले सहि सत्य तथ्य सूचना प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक निकायले कन्जुस्याँई नगर्न आग्रह गर्दै सूचना मागकर्ता र सूचना दाता बीचको सम्बन्ध सुदृढ रहनुपर्ने कुरामा जोड दिनुभयो । उक्त कार्यक्रममा सहभागीका तर्फबाट उठाइएका प्रश्नको जवाफ दिदै मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा मन्तव्य राख्दै भीमदत्त नगरपालिकाका मेयर श्री सुरेन्द्र विष्टले सूचनाको हक कार्यान्वयनमा भीमदत्त नगरपालिकाले सबै सूचना प्रवाह विभिन्न माध्यम सूचना पाटी वेवसाइट, सामाजिक सञ्जालहरुबाट नगरपालिकाले गर्ने मुख्य मुख्य कार्यहरुको सार्वजनिक गर्ने गरेको बिल, भरपाई लगायत सबै विषयहरु सार्वजनिक गर्नुपर्ने कुरा जानकारी गराउनुभएको धन्यवाद दिनुभयो । हाम्रो कार्यालयले सूचना अधिकारी नभई सूचना प्रविधि अधिकृतले सूचना दिने गर्ने गरेको बताउनुभयो । सरकार, जनप्रतिनिधी, कर्मचारीहरुलाई जवाफदेही, पारदर्शी उत्तरदायी, सुशासनयुक्त बनाउन सूचना दिनु पर्दछ भन्ने बिचार राख्नुभयो भयो । उक्त कार्यक्रममा मन्तव्य राख्दै भीमदत्त नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरी बहादुर चन्दले सूचनाको हक कार्यान्वयनमा नगरपालिकाका क्रियाशिल रहेको, नेपालको संविधान अनुसार सूचनाको हकलाई नागरिकको मौलिक हकको व्यवस्था गरेको, सार्वजनिक निकायले कस्ता सूचना दिने त्यसको जानकारी गराउनुपर्ने, स्थानीय तहले गर्नुपर्ने कामहरुमध्ये सबै कार्यहरु सार्वजनिकीकरण गरेको खण्डमा नागरिकलाई जानकारी प्राप्त भई अपेक्षित उपलब्धी हासिल हुने कुरा व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र प्रस्तुती गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३० वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने । अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने । आर्थिक , व्यापारिक तथा मौद्रिक हित वा वौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने ।विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने ।व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ , ज्यान , सम्पति , स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६० वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सुचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्ने । आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने। सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने।तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा

भित्र उपलव्ध गराउनु पर्ने। संभव भए सम्म मागेको स्वरुपमा उपलव्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा उजुरी दिन सकिने दफा ९० वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने । प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १०० वमोजिम सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने । आयोगले जाँचबुझ गर्दा ठीक ठहर्याएमा समयावधि तोकी सूचना उपलव्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने । पुनरावेदन निरर्थक देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव विश्वबन्धु पौडेलले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले ,कार्यालय प्रमुख, सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, आयोगले गरेका महत्वपूर्ण सफलताका कथाहरुबाट आम नागरिकलाई सूचना माग्ने वातावरण सिर्जना गर्नु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो । सहभागिहरुबाट जिज्ञासा राख्ने क्रममा विरेन्द्र सिंह कानून अधिकृत सूचना मागकर्ताले सूचना कस्ता प्रकृतिको सूचना कसरी दिने र लिने सूचनाको वर्गीकरण सम्बन्धमा ऐनमा स्पष्ट व्यवस्था भैदिएको भए हुने भीमदत्त नगरपालिका कस्तो सूचना दिने  होम योगी पत्रकार सूचना मागकर्ताले अध्ययन गर्न माग्छौ तर पालिकाहरुमा सूचना दिन मिल्दैन भन्नुहुन्छ दिन मिल्ने हो, होइन ? इमेलबाट सूचना माग्न पाइन्छ कि पाईदैन ?  विष्णु अवस्थी पत्रकार २ वर्षअघि ९ वटा स्थानीय तहमा सूचना माग गर्दा ३ वटा स्थानीय निकायले मात्र दिएको, सामान्य प्रकृतिको २ वटा सूचना ात्र दिएको अवस्था छ, सूचना दिएमा हामी विग्रन्छौ भन्ने भावना कर्मचारीहरुमा रहेकोले अझै जनचेतनामूलक कार्यक्रम आयोजना गर्नुपर्ने कुरा बताउनुभयो।  हिमला चन्द वडा अध्यक्ष संविधाअनुसार प्रत्येक नागरिकलाई सूचनाको हक हुन्छ भन्ने तर ०७४ देखि ७७ सम्मको सबै सूचना माग्ने तरिकामा अलिकति नमिलेको होकी ? यसको अलि व्यवहारिक हुनुपर्छकी ? अलि विवेक पुर्‍याएर सम्बन्धीत सूचना माग गरेको खण्डमा सूचना उपलब्ध गराउन सजिलो पर्छ होला ।

### १५.९ सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर  विषयक राष्ट्रिय विचार गोष्ठी

राष्ट्रिय सूचना आयोगले मिति २०७८ पुस १२ गते अल्फा हाउस वानेश्वरमा सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयक राष्ट्रिय विचार गोष्ठी सम्बन्धी कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रमबाट संविधान प्रदत्त सूचना माग्ने र पाउने आम नागरिकको हकप्रति महिलाहरुलाई जागरुक गराउने,सूचनाको हकसम्बन्धी ऐन बमोजिम नागरिकको पक्षमा सूचना प्रबाह गर्न सार्वजनिक निकायहरुलाई उत्प्रेरित गर्ने । सूचनाको हकका क्षेत्रमा भएका असल अभ्यासको निरन्तरता र कमी कमजोरीको सुधारका लागि समीक्षा गरी आदर्श समाज स्थापनाको दूरदृष्टि राखि अघि बढ्ने । साथै सूचनाको हकसम्बन्धी व्यवस्थावाट महिलाहरुलाई प्रदान गरेका सेवा सुविधाहरुको जानकारी लिन अभिप्रेरित भइ जनमानसमा सूचनाको हकको महत्वबारे जानकारी गराउने,नागरिकको सूचनाको हकको प्रचलनमा देशव्यापी रुपमा सकारात्मक चर्चा र चासो व्यक्त हुने, समष्टीमा नागरिकको सूचनाको हकको संरक्षण,सम्बर्द्धन र प्रचलनमा प्रत्यक्ष लाभ पुग्ने अपेक्षा आयोगले राखेको थियो ।




उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले सञ्चालन गर्नुभएको थियो भने आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो । प्रमुख अतिथिको आशन ग्रहण माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले गर्नुभएको थियो । त्यसैगरी, अतिथिको रुपमा महिला तथा सामाजिक समिति सभापति श्री निरुदेवी पाल, राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष श्री कमला पराजुली, राष्ट्रिय सूचना आयोगका सूचना आयुक्तज्यूहरु, बरिष्ठ सञ्चारकर्मी श्री बबिता बस्नेत, यू एन वुमनका कार्यक्रम प्रमुख सन्तोष आचार्य र राष्ट्रिय सूचना आयोगका सचिव भागिरथ पाण्डेय रहनु भएको थियो । कार्यक्रममा विभिन्न सरकारी निकायका प्रतिनिधिहरु, नेपाल वार एशोसियशन,नेपाली सेना, नेपाल

प्रहरी,सशस्त्र प्रहरी वल समेतवाट प्रतिनिधित्व हुनका साथै सूचनाको हकका अभियान्ताहरू सञ्चारकर्मीहरु र आयोगका कर्मचारीहरु उपस्थिति रहेको थियो । कार्यक्रमको शुरुवात राष्ट्रिय गान वाट गरिएको थियो । आयोगका सचिव श्री भागीरथ पाण्डेयले स्वागत मन्तव्यका क्रममा नेपालको संविधानको धारा २७ बमोजिम सूचनाको हकलाई कार्यान्वयन गर्न गठीत सूचना आयोगले सूचनाको हकका लागि कार्य गरिरहेको, सूचनाको हक सम्बन्धी ऐन र नियमावली अनुसार १३/१४ वर्षको अभ्यासमा सूचनाको हकको संरक्षण र सम्बर्द्धन गर्न निरन्तर लागि रहेको, सूचनाको हकको प्रयोगमा विश्वका १३१ देश मध्ये नेपाल २१ औं स्थानमा रहनु प्रशंसिनीय रहेको, सरकारका सवै काम कारवाहीहरु पारदर्शी हुनुपर्ने, आयोगमा यस आर्थिक वर्षमा ७५३ वटा पुनरावेदनकर्ता मध्ये १७ जना महिला रहेको यो करीव ३% हुन आउने र यसरी हेर्दा पुरुषको तुलनामा महिलाहरुमा सूचना माग्ने संस्कृतिको विकास गर्नु जरुरी रहेकोले महिलाहरुलाई कसरी सूचनाको हकमा सक्रिय भइ त्यसमा सहभागिता बृद्धि गर्न सकिन्छ भन्ने विषयमा उपयुक्त सुझाव प्राप्त गर्न पनि यस किसिमको कार्यक्रम आयोजना गरिएको हुनाले सहभागि वाट उपयुर्क्त सुझाव प्राप्त होस भन्ने आयोगले अपेक्षा राखेको कुरा व्यक्त गर्नुभयो ।

सूचना आयोगका सूचना आयुक्त श्री कमला ओली थापाले कार्यक्रममा सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा सूचनाको हकको आवश्यकता,सूचनाको हकमा अन्तराष्ट्रिय अभ्यास,नेपालको संवैधानिक इतिहासमा सूचनाको हकको व्यवस्था,यसको कानूनी व्यवस्था,सूचनाको हकसम्बन्धी विश्वव्यापी सिद्धान्तहरु,ग्लोवल आर.टी.आइ रेटिङमा नेपालको स्थान , International Conference information commissioner (ICIC)मा महिला सहभागिता,सूचनाको हकमा महिला सहभागिताको सम्बन्धमा राष्ट्रिय सूचना आयोगवाट भएका कार्यहरु र सूचनाको हकमा महिला सहभागिताको आवश्यकताका वारेमा प्रस्तुत गर्नुभएको थियो भने सूचनाको हकमा महिला सहभागिताका चुनौतीहरु र अवसरहरुकावारेमा समेत प्रष्ट पार्नु भएको थियो ।




कार्यपत्र उपर युएन वुमनका कार्यक्रम प्रमुख सन्तोष आचार्य र वष्ठि संचारकर्मी वविता वस्नेतले टिप्पणी गर्नुभएको थियो भने सहभागिहरुवाट कार्यपत्रका विषयमा विभिन्न जिज्ञासा र सवाल व्यक्त भएको

थियो ।कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष श्री कमला पराजुलीले मन्तव्य राख्नु भएको थियो ।

प्रमुख अतिथिका रुपमा माननीय संचार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्र वहादुर कार्कीले मुलुकले दिगो विकास ,समृद्धि र सुशासन चाहेको, सूचनाको हक अधिकार मात्र होइन कर्तव्य पनि हो भन्नु हुँदै अशिक्षा गरीवि र पछौटेपनले गर्दा महिलाहरु अझै पछि परेका छन त्यसका कारणहरुको खोजी र निराकरणका उपायहरु हामीले पहिल्याउनु पर्छ। महिलाका उत्थानका लागि विशेष समपर्ण र त्यागको जरुरी छ , समाजको वास्तविकता बुझेर महिलाको उत्थानमा लाग्नु पर्ने , जव सम्म गरीवि र अशिक्षा रहिरहन्छन त्यो क्षण सम्म हामीले उनीहरुलाई माथि उठाउन सक्दैनौं त्यसैले हामीले यी तमाम चुनौतीहरुलाई नियाल्दै अवसरलाई हासिल गर्नुपरेको छ भन्दै आफ्नो भनाइ राख्नु भएको थियो।

कार्यक्रमको अन्तमा प्रमुख सूचना आयुक्तज्यूवाट सूचनाको हकमा महिला सहभागिता: चुनौती र अवसर विषयक राष्ट्रिय विचार गोष्ठी कार्यक्रमका प्रमुख अतिथि ,अतिथि लगायत सम्पूर्ण सहभागीहरुलाई उपस्थितिका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै सूचनाको हकको प्रयोग गर्न नपाएको अवस्थावाट महिलाहरु अन्य अवसर र सुविधावाट समेत वञ्चित हुनुपरेकोले सूचनाको हकको प्रयोग गर्न महिलाको सहभागिता बढाउन आयोगले यस किसिमको कार्यक्रम आयोजना गरेको र विभिन्न क्षेत्रका महिलाहरुलाई यस कार्यक्रममा आमन्त्रित गरी उहाँहरु मार्फत सूचनाको हकलाई बढोत्तरी गराउनु पनि कार्यक्रमको उद्देश्य रहेकोले सूचनाको हकका क्षेत्रमा महिलाको सहभागिता बढाउनको लागि कार्यक्रमबाट प्राप्त सुझाव र प्रतिक्रियाहरुलाई ध्यान दिँदै आयोग आगामी दिनमा अगाडि बढ्ने भनाई राख्नु भएको थियो ।

## १५.१० अन्य कार्यक्रम

- रेडियो नेपालसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको ।
- नेपाल टेलिभिजनसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको
- गोरखापत्र दैनिकमा सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन गर्ने सम्झौता भएको ।

## १५.११ बुलेटिन प्रकाशन

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरुबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उदेश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन “सूचना मेरो अधिकारी” बुलेटिन नेपाली र अंग्रेजीमा प्रकाशन गर्ने गरिएको छ ।

## १५.१२ आयोगबाट मिति २०७८ कार्तिक देखि पुस मसान्तसम्म जरिवानाहरु

| सि.नं. | पुनरावेदक नाम | संस्थाको नाम | जरिवाना रकम | मिति | कैफियत |
|---|---|---|---|---|---|
| यस अवधिमा कसैलाईपनि कारवाही नभएको । | | | | | |

## १५.१३ आयोगबाट मिति २०७८ कार्तिक देखि पुस मसान्तसम्म भएका बैठकका निर्णयहरु

**बैठक नं. २६६(३)२६ मिति २०७८।०९।२१**

**निर्णय**

१. आयोगको बार्षिक कार्यक्रमहरु मध्ये हालसम्म ४ वटा जिल्लास्तरीय र ३ वटा स्थानीय तह स्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको जानकारी भयो । कार्यक्रम उपलब्धीमूलक रहेको र सहभागिता पनि उत्साहजनक रहेको तथा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनु पर्ने देखियो । सूचनाको हकमा महिला सम्बन्धी अन्तरक्रिया कार्यक्रम "सूचनाको हकमा महिला सहभागिता: चुनौती र अवसर विषयक" राष्ट्रिय गोष्ठी उल्लेख्य सहभागिता साथ सम्पन्न भएको समेत जानकारी भयो । बाँकी यस्ता कार्यक्रमहरु समयमै सम्पन्न गर्ने गरी कार्यक्रम तय गर्दै जाने निर्णय भयो ।

२. आयोगबाट प्रकाशित हुने आर. टी. आई. जर्नलका लागि प्राप्त लेखहरुको बारेमा छलफल भयो । यही पुष मसान्त भित्र लेखहरु संकलन, अध्ययन तथा मूल्यांकन गरी छपाईमा जाने निर्णय भयो ।

३. माघमा प्रकाशन हुने बुलेटिन तथा प्रकाशनका लागि तयारी गर्ने निर्णय भएको छ ।

४. आयोगका कार्यक्रम तथा भ्रमण सम्बन्धी प्रतिवेदनहरु वेवसाइटमा राख्न बाँकी भए राख्ने निर्णय भयो ।

५. सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस, सेप्टेम्बर २८ मा सम्पन्न "दिगो विकास लक्ष्य सूचनामा पहुँच (१६.१०.२) को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय गोष्ठी" को प्रतिवेदन र देहाय बमोजिमको सिफारिस राष्ट्रिय योजना आयोगमा पठाउने ।

दिगो विकास लक्ष्यको सूचनामा पहुँच सम्बन्धी सूचकांक १६.१०.२ को कार्यान्वयन दिगो विकास लक्ष्य प्राप्तिका लागि र लोकतान्त्रिक पद्धतिमा नागरिक सर्वोच्चता तथा सुशासन कायम गर्न आवश्यक र महत्वपूर्ण रहेको दिगो विकास लक्ष्य कार्यान्वयनका लागि तयार भएको फ्रेमवर्कमा उल्लेखित सूचकांक प्राप्त गर्न पर्याप्त ध्यान पुग्न नसकेको महसूस गरी थप र स्पष्ट राष्ट्रिय लक्ष्य निर्धारण र कार्यान्वयन गर्न, कार्ययोजना बनाउन राष्ट्रिय योजना आयोगले पहल गर्नुपर्ने अवस्था देखिएको । त्यसमा राष्ट्रिय योजना आयोगबाट जिम्मेवारी यस आयोगलाई दिइएको अवस्थामा राष्ट्रिय सूचना आयोगले सबै सरोकारवालाको समन्वयमा कार्ययोजना तयार गर्ने ।

६. नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०७८।०८।०३ को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंको मिति २०७८।०६।२० को निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्र आयोगको जानकारीमा आयो ।

७. अन्य विविध विषयमा छलफल भयो ।

**१६.	सार्वजनिक निकायको वेवसाइट :**

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट **www.nic.gov.np** रहेको छ ।

**१७.	आयोगले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

**१८.	आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन : माग भएको र उपलब्ध गराएको १ वटा ।**

**१९.	यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

१९.१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७६।०७७ सम्म

१९.२ सचित्र पुस्तिका

१९.३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन

१९.४ Guidelines of Public Information Officers (PIOS)

१९.५ आयोगका जानकारीमूलक ब्रोसियर

१९.६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075

१९.७ Right to Information (RTI) Journal

१९.८ Proactive Disclosure Management System (PDMS) Guidebook

१९.९ Management Information System (MIS) Guidebook

१९.१० सूचनाको सन्देश (पाठ्यसामग्री)

१९.११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)

१९.१२ अनुगमन तता मूल्यांकन प्रतिवेदन- २०७५

१९.१३ सफलताका कथा २०७३, २०७४, २०७५

१९.१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरु

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१-४४६४४१२, ४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
इमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
**Facebook/Twitter :**
**https://www.facebook.com/rtinepal,**
**https://twitter.com/suchanaayog**